कार्यपालिकाको पन्ध्रौं बैठक//स्थानः अध्यक्षज्यूको कार्यकक्ष

मितिः २०७९ साल पौष महिनाको १२ गते मंगलबार

अध्यक्षताः श्रीमान वेग प्रसाद गर्बुजा, गाउँपालिका अध्यक्ष

उपस्थितिः

श्रीमान वेग प्रसाद गर्बुजा, अध्यक्ष

श्री लक्ष्मीदेवी घर्ती मगर पुन, उपाध्यक्ष

श्री हेमराज काफ्ले, प्रमुख प्रशासकीय अधिकृत

श्री टंक प्रसाद पुन, अध्यक्ष, वडा नं १

श्री उदय कुमार बुढाथोकी, अध्यक्ष, वडा नं २

श्री मोति प्रसाद बुढा, अध्यक्ष, वडा नं ३

श्री भेजेन्द्रमान पुन पुन, अध्यक्ष, वडा नं ४

श्री नबिन घर्ती, का.वा.अध्यक्ष, वडा नं ५

श्री पथ बहादुर रोका, अध्यक्ष, वडा नं ६

श्री टक बहादुर पुन, अध्यक्ष, वडा नं ७

श्री मन कुमारी पुन, कार्यपालिका महिला सदस्य

श्री प्रतिक्षा वि.क., कार्यपालिका महिला सदस्य

श्री देवी पटेल, कार्यपालिका महिला सदस्य

श्री छरदेवी घर्ती, कार्यपालिका महिला सदस्य

श्री दल बहादुर खड्काथोकी, कार्यपालिका सदस्य

श्री अनुप गौचन, कार्यपालिका सदस्य तथा प्रवक्ता

आमन्त्रित उपस्थितिः

श्री सोम बहादुर खत्री, सूचना अधिकारी

श्री सावित्री गर्बुजा, रोजगार संयोजक

श्री सागर पौडेल, लेखापाल

प्रस्तावहरु:

१. प्रधानमन्त्री रोजगार कार्यक्रम आयोजना छनौट सम्बन्धमा ।

२. दोस्रो गाउँसभाको हिउँदे अधिवेशन सम्बन्धमा ।

३. वडा नं ५ को भवन निर्माण सम्बन्धमा ।

४. झोलुङ्गे पुलको म्याद थप सम्बन्धमा ।

५. गाउँपालिकाको प्रशासकीय भवनका लागि जग्गा व्यवस्थापन सम्बन्धमा ।

६. बिबिध

क) क्षमता विकास योजना निर्माण

ख) डिजिटल प्रोफाइल निर्माण

ग) आगलागी पीडित परिवारलाई राहत उपलब्ध गराउने सम्बन्धमा

घ) वडा तथा स्वास्थ्य चौकीहरुमा पावर ब्याक-अप

ङ) सामुदायिक विद्यालय शिक्षक अनुदान व्यवस्थापन

च) राष्ट्रपति रनिङ शिल्ड खेलकुद आयोजना

छ) विपद् प्रभावित लाभग्राहीको तेश्रो/अन्तिम किस्ता भुक्तानी सम्बन्धमा

ज) लघु उद्दम विकास कार्यक्रमको बजेट तथा कार्यक्रम स्वीकृति

झ) राष्ट्रिय मा वि रुमको राष्ट्रपति शैक्षिक सुधार अन्तर्गतको भवन निर्माण सम्बन्धमा

ञ) अन्य

निर्णय:

| निर्णय नं | निर्णयको व्यहोरा | कैफियत |
|---|---|---|
| १. | प्रस्ताव नं १ माथि छलफल भयो ।मालिका गाउँपालिका, रोजगार सेवा केन्द्र मार्फत सूचिकृत बेरोजगारहरुको १०० दिनको रोजगारी सुनिश्चित गरी श्रममा आधारित विभिन्न आयोजना सञ्चालन गर्न आ.व. २०७९/८० को लागि नेपाल सरकारबाट प्राप्त ३२,४८,००० (अक्षरेपि: बत्तीस लाख अठचालिस हजार मात्र) तथा आइ.डी.ए. बाट प्राप्त २७,५१,००० (अक्षरेपि: सत्ताइस लाख एकावन्न हजार रुपैयाँ मात्र) गरी कुल जम्मा ५९,९९,००० (अक्षरेपि: उनान्साठी लाख उनान्सय हजार रुपैयाँ मात्र) श्रमिकको ज्याला व्यवस्थापन गर्न तथा गाउँसभाबाट Material Cost व्यहोर्ने गरी विनियोजित रकम रु १५,००,००० (अक्षरेपि: पन्ध्र लाख रुपैयाँ मात्र) सबै वडा अन्तर्गत प्रस्तावित योजना मध्येबाट छनौट गरी श्रमिकको संख्याको अनुपातिक दरले योजना सञ्चालन गर्न रोजगार सेवा केन्द्रबाट पेश भएका योजनाका सूची स्वीकृत गर्ने गर्ने। | |

| | | |
|---|---|---|
| २. | मालिका गाउँपालिकाको दोश्रो गाउँसभाको दोश्रो अधिवेशन/हिउँदे अधिवेशन मिति २०७९/०९/२३ गते शनिबार सञ्चालन हुन अध्यक्ष ज्यूबाट आह्वान गर्ने । | |
| ३. | वडा नं ५ मा सङ्घीय सरकारबाट आ.व. २०७९/८० का लागि हस्तान्तरित कार्यक्रम अन्तर्गतको समपुरक अनुदानमा विनियोजित बजेटको 'देविस्थान वडा कार्यालय भवन निर्माण आयोजना मालिका -५, देविस्थान' को बिस्तृत परियोजना प्रतिवेदन तयार भए लगत्तै वडा समितिको निर्णय भई आए अनुसारको प्रक्रियाबाट निर्माण प्रारम्भ गर्ने । | |
| ४. | मालिका गाउँपालिका वडा नं ४ स्थित छिप छिप खोला झोलुङ्गे पुलको निर्माण कार्य जारी रहेको र सम्झौता बमोजिमको अवधिमा निर्माण सम्पन्न हुन नसकेको भनी २०७९ चैत्र मसान्तसम्मको समयावधि थप गरिदिनु भनी 'छिपछिप खोला झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति' ले निवेदन पेश गरेको र बेहोरा मनासिब देखिएकोले उक्त झोलुङ्गे पुलको निर्माणका लागि माग भए बमोजिमको अवधि थप गरिदिने । | |
| ५. | गाउँपालिकाको प्रशासकीय भवनका लागि आवश्यक जग्गा व्यवस्थापनका लागि सार्वजनिक प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना जारी भएको र उक्त प्रक्रियालाई नियमानुसार गर्ने/गराउने ।मूल्यांकनको कार्य सम्पन्न गर्नुपूर्व कार्यपालिका बैठकबाट अनुमोदन गर्ने/गराउने व्यवस्था गर्ने । | |
| ६. | क) मालिका गाउँपालिका र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानबीच भएको सम्झौता बमोजिम 'क्षमता विकास योजना' को काम छनौट भएको परामर्शदाता संस्थाबाट जारी रहेकोले उक्त योजना निर्माणको प्रारम्भिक मस्यौदा यथासक्य छिटो तयार गराउने ।<br><br>ख) गाउँपालिका तथा मातहतका वडा कार्यालयहरुमा हालसम्म डिजिटल प्रोफाइल तयार नभैसकेको र प्रभावकारी ढङ्गले गाउँपालिकाको सूचना, तथ्यांक सबै नागरिक समक्ष पुर्याउन र संस्थागत सम्झनालाई सुदृढ बनाउन आवश्यक भएकोले प्रचलित कानूनको अधिनमा रही परामर्शदाता संस्था छनौट गरी डिजिटल प्रोफाइल तयार गराउने ।<br><br>ग) वडा नं ४ स्थित कालापाताल टोल बस्ने ना.प्र.नं. ६११३, म्यागदीका श्री डिल बहादुर पुनको घर २०७९/०९/११ गते राती ११:०० बजे आगलागी भई पूर्ण रुपमा नष्ट भएकोले तत्कालका लागि खाद्यान्न लगायतका बन्दोबस्ती | |

मालिका गाउँपालिकाको कार्यालय देवबाङ्ग, म्याग्दी गण्डकी प्रदेश, नेपाल स्था. २०७३

वेग प्रसाद गर्बुजा
अध्यक्ष

व्यवस्थापनका लागि रु ३०,००० (अक्षरेपि: तीस हजार रुपैयाँ मात्र) 'राहत तथा पुनर्स्थापना' शिर्षकबाट उपलब्ध गराउने ।

घ) गाउँपालिका मातहतका वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुमा विद्युत प्रवाह अवरुद्ध हुँदा सेवा प्रवाह प्रभावित भैरहेको भन्ने गुनासो सम्बोधन गर्नका लागि तत्काल प्राविधिक मर्मत टोली खटाई आवश्यक व्यवस्थापन गर्ने तथा नयाँ खरिद गर्नु पर्ने ब्याट्री लगायतका सामग्री समेत खरिद ऐन तथा नियमावलीको अधिनमा रही गर्ने/गराउने ।

ङ) आ.व. २०७९/८० मा सामुदायिक विद्यालय शिक्षक अनुदानका लागि आवश्यक हुन आउने अनुमानित रु ३०,००,००० (अक्षरेपि: तीस लाख रुपैयाँ) शिक्षा शाखाबाट माग भई आएको र आ.व. २०७९/८० को बजेटमा उक्त रकम विनियोजन नभएको देखिएकोले उक्त रकम व्यवस्थापन गर्न दोश्रो गाउँसभाको हिउँदे अधिवेशनमा बजेट सुनिश्चित गर्ने ।

च) राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता सञ्चालनार्थ आ.व. २०७९/८० मा विनियोजित बजेट नरहेको र उक्त खेलकुद सञ्चालन गर्नु उपयुक्त हुने भनी विद्यालयहरुबाट चासो व्यक्त भएकोले हाल 'मालिका भलिबल खेल प्रवर्द्धन' शिर्षकमा विनियोजित बजेटमा थप हुने गरी आवश्यक बजेट हिउँदे गाउँसभाको अधिवेशनबाट गर्ने ।

छ) मन्सुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ अनुसार विपद् प्रभावित लाभग्राहीलाई मिति २०७८/०३/१५ गते पहिलो किस्ता बापत गाउँपालिकाले श्रोत व्यहोर्ने १०% एकमुष्ट खातामा भुक्तानी भैसकेको तथा दोश्रो किस्ता बापतको रकम पनि जिल्ला प्रशासन कार्यालय मार्फत भुक्तानी भैसकेकोले अन्तिम किस्ता बापतको रकम भुक्तानीका लागि आवश्यक कागजात तथा NDRRMA SYSTEM मा अध्यावधिक गरी जिल्ला प्रशासन कार्यालय, बेनी, म्याग्दीमा पठाउने ।

ज) लघु उद्द्म विकास कार्यक्रम अन्तर्गत प्राप्त ३६,५०,००० रकम विभिन्न कार्यक्रममा लागत अनुमान सहित BREAKDOWN भएको लघु उद्दम सहजकर्ताबाट पेश भएको प्रस्ताव स्वीकृत गर्ने ।

झ) राष्ट्रिय मा वि रुमको राष्ट्रपति शैक्षिक सुधार अन्तर्गतको ४ कोठे भवन निर्माणका लागि प्राप्त ५०,००,००० (अक्षरेपि: पचास लाख रुपैयाँ) प्राप्त भएकोमा

मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दरबाङ, म्याग्दी गण्डकी प्रदेश, नेपाल स्था. २०७३

[signature]
प्रमुख प्रशासकीय अधिकृत

[signature]
वेग प्रसाद गर्बुजा
अध्यक्ष

प्राविधिकको लागत अनुमान बमोजिम उक्त रकम अपुग हुने देखिएकोले गाउँसभाको हिउँदे अधिवेशनबाट आवश्यक बजेट विनियोजन गर्ने ।

ञ)बिबिध:

- मालिका गाउँपालिका वडा नं ५ स्थित देविस्थान मोटरबाटो मर्मतको कार्य २०७९ श्रावण १० देखि १५ सम्म भएको र उक्त कार्यको लागि भुक्तानी माग भएकोले 'विपद् व्यवस्थापन' शिर्षकबाट भुक्तानी दिने ।

- मालिका गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयमा दिवा खाजाका लागि सङ्घीय सरकारबाट प्राप्त हुने प्रति विद्यार्थी १५ रुपैयाँ प्रति दिनको रकममा गाउँपालिकाको तर्फबाट रु ५ प्रति दिन प्रति विद्यार्थी उपलब्ध गराउन आवश्यक अनुमानित रु ३०,००,००० (अक्षेरेपि: तीस लाख रुपैयाँ मात्र) हिउँदे अधिवेशनबाट छलफल गरी विनियोजन गर्ने ।

मालिका गाउँ... कार्यपालिकाको कार्यालय दरबाङ म्याग्दी गण्डकी प्रदेश, नेपाल स्था. २०७३

वेग प्रसाद गर्बुजा
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत